# स्थानीय राजपत्र


## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

खण्डः३)  लेकबेशी नगरपालिका, कल्याण, सुर्खेत, चैत्र ०७ गते ,२०७६ साल  (संख्याः ७


## भाग–१

## लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कल्याण, सुर्खेत

## कर्णाली प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको छैठौं नगर सभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# लेकवेशी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास ऐन, २०७६

(संवत् २०७६ सालको ऐन अभिलेख नं. ५)

प्रमाणीकरण भएको मिति - २०७६/१२/०७
स्थानीय राजपत्रमा प्रकाशित मिति- २०७६/१२/०७

**प्रस्तावनाः**

नेपालको संविधान बमोजिम खाद्य सम्बन्धी हकको संरक्षण गर्दै स्थानीय तहमा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणलाई व्यवस्थित तवरले कार्यान्वयन गर्दै, कृषि प्रणालीलाई दिगो, आधुनिकीकरण र व्यावसायीकरण गरी समग्र कृषि तथा पशुपन्छी क्षेत्रको विकास, व्यवस्थापन र सुशासन कायम गरी कृषि तथा पशुपन्छी व्यवसायमा आश्रित घरपरिवार तथा समुदायको आर्थिक समृद्धि हासिल गर्न आवश्यक व्यवस्था वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “लेकवेशी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन लेकवेशी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन लेकवेशी नगरपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. **परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा —

(क) **“प्रमुख”** भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ख) **“उपप्रमुख”** भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) **“कृषि”** भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्बन्धित कृषिलाई सम्झनु पर्दछ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(घ) **“स्थानीय सरकार”** भन्नाले लेकवेशी नगरपालिकाका वडाहरू र नगरमा निर्वाचित जनप्रतिनिधिहरू सम्झनु पर्छ ।

(ङ) **“सभा”** भन्नाले लेकवेशी नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(च) **“कृषक”** भन्नाले कृषि तथा पशुपालनलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण तथा पशुपालन गर्ने व्यक्ति वा परिवारका सदस्य समेतलाई जनाउँछ ।

(छ) **“कृषक समूह”** भन्नाले स्थानीय तहमा दर्ता भई कृषि उत्पादन तथा पशुपालन व्यवसायमा संलग्न किसानको समूहलाई सम्झनु पर्छ ।

(ज) **“कृषि सहकारी”** कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तर्गत कृषि तथा पशुपन्छी व्यवसाय गर्ने मूल उद्देश्य राखी दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(झ) **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) **“पकेट क्षेत्र**” भन्नाले नगरपालिकाको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा कृषि र पशुपन्छीजन्यको व्यवसायिक उत्पादन क्षेत्रलाई सम्झनु पर्छ

(ट) **"स्थानीय कृषि स्रोत व्यक्ति"** भन्नाले कृषि सम्बन्धि व्यवसाय, कृषि सामाग्री आपुर्ति वा कृषि प्रसारमा संलग्न ग्रामिण कृषि कार्यकर्ता, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, कृषि तथा पशुपन्छी सम्बन्धि अध्ययन गरेका, कृषि तथा पशुपन्छी क्षेत्रमा तालिम

हासिल गरेका, नर्सरी धनी, एग्रोभेट संचालक, कृषि तथा पशुपन्छी सेवाबाट सेवा निवृत कर्मचारी, कृषि सहकारी संचालक, कृषि उद्दमी, व्यवसाय विकास सेवा प्रदायक, वित्तिय सेवा प्रदायक, बिमा सहजकर्ता, आदि जसले आफूले काम गरी अनुभव हासिल गरेका, जानेका विषयमा कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई तालिम तथा प्राविधिक सेवा दिन सक्ने व्यक्तिलाई जनाउने छ ।

## परिच्छेद—२

## स्थानीय कृषि तथा पशुपन्छी सम्बन्धी निर्देशक सिद्धान्त

३. **मार्ग निर्देशनका रूपमा रहने** :

(१) यस परिच्छेदको दफाहरूमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रूपमा रहनेछन् ।

(२) लेकवेशी नगर कार्यपालिकाले यस परिच्छेदको दफाहरूमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार संस्थागत संरचना, जनशक्ति एवम् श्रोतसाधन परिचालन गर्ने गराउनेछ ।

४. **निर्देशक सिद्धान्त** :

(१) लेकवेशी नगरपालिकाको संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक विविधताको जगेर्ना गर्दै तुलनात्मक बाली तथा पशुपन्छीजन्य उपजमा व्यवसायीकरण एवं विशिष्टीकरण गरी खाद्यान्नमा आत्मनिर्भर बनाउन खाद्य संप्रभूताका आधारभूत मान्यता र मापदण्ड अनुसारको दिगो कृषि तथा पशुपन्छी विकास प्रणाली अपनाउने ।

(२) समग्र कृषि तथा पशुपन्छी क्षेत्रको विकास, व्यवसायीकरण र विशिष्टीकरणका लागि सरकारी, सहकारी तथा नीजि क्षेत्रको साझेदारी एवं

सहकार्यलाई आत्मसाथ गरी कार्यान्वयन गर्ने, यसका लागि सहकारी खेती तथा पशुपालन, चक्लाबन्दी, करार खेती आदिको प्रोत्साहन गर्ने ।

(३) कृषि क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न कृषि उद्यमको स्थापना तथा सञ्चालनमा जोड दिई कार्यक्रम सञ्चालन गर्ने, युवा वर्गलाई श्रम सहकारी, कृषि व्यवसाय तथा उद्यमसँग जोडी थप रोजगारीको अवसर सृजना गर्ने ।

(४) कृषि क्षेत्रमा आश्रित महिला तथा पुरुष कृषक (विपन्न, साना किसान, महिला, दलित, आदिवासी जनजाति तथा युवा वर्ग) लाई कृषि प्रविधिमा पहुँच, कृषि प्रविधि अवलम्बन गर्ने क्षमताको विकास, यस्ता वर्गमैत्री प्रविधिको विकास र प्रवर्द्धन गरी कृषिलाई सम्मानजनक पेशा एवं आर्थिक समृद्धिका माध्यमको रूपमा विकास गर्ने ।

(५) कृषि क्षेत्रमा स्थानीय स्रोत साधनको सदुपयोगमा जोड दिने र प्राङ्गारिक उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गर्ने । मानव एवं पशुपन्छी स्वास्थ्यमा हानी पुऱ्याउने रसायन एवं विषादीको प्रयोगलाई निरुत्साहित गर्ने ।

(६) लेकवेशी नगरपालिकाबाट कृषि कार्यका लागि वैज्ञानिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कृषक एवं कृषि उद्यमीलाई उपलब्ध गराउने सहलगानीलाई व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउन सोको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई व्यवस्थित बनाउने ।

(७) नेपाल सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दिगो उपयोग गर्दै संघ, प्रदेश र स्थानीय सरकारको कृषि विकासको रणनीति एवं समग्र विकासको लक्ष्य हासिल गर्न योगदान गर्ने ।

## परिच्छेद—३

## कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन

५. **कृषि प्रसार सेवाको सञ्चालन एवं व्यवस्थापन तथा नियमनका लागि संस्थागत संरचनाः-** कृषि तथा पशुपन्छी विकास सेवाको प्रचारप्रसार, सञ्चालन, व्यवस्थापन र नियमनका लागि नगरपालिकाले यस ऐनमार्फत देहाय बमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नेछः

(१) लेकवेशी नगर कार्यपालिकाको कार्यालय अन्तर्गत नगर कृषि विकास शाखा र नगर पशुपन्छी विकास शाखा स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ,

(क) नगरपालिकामा स्थापना भएका कृषि विकास र नगर पशुपन्छी विकास शाखा व्यवस्थित ढंगले परिचालन गरिनेछ,

(ख) नगरपालिकामा कृषि तथा पशुपन्छी प्रसार सेवालाई नियमित र प्रभावकारी बनाउन आवश्यक कर्मचारीको दरबन्दी पहिचान गरी नियम अनुसार पदपूर्तिको व्यवस्था गरिनेछ,

(ग) नगरपालिका तथा वडा स्तरमा प्रभावकारी कृषि प्रसार सेवाका लागि आवश्यक संरचनाको व्यवस्था गरिनेछ,

(घ) नगरपालिकाका कृषि विकास र नगर पशुपन्छी विकास शाखाको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

(२) नगर कृषि तथा पशुपन्छी विकास समितिको गठन तथा परिचालन :

(क) कृषि तथा पशुपन्छी विकासको क्षेत्रको समग्र विकासमा नीति निर्माण, योजना तर्जुमा, कृषि प्रसार सेवामा जवाफदेहिता एवं पारदर्शीता, कार्यान्वयन तथा अनुगमन र समन्वयमा नगरपालिका-लाई सहजीकरण गर्न देहाय अनुसार नगर कृषि तथा पशुपन्छी विकास समितिको गठन गरिने छ :

१- नगर प्रमुख ............................................ संयोजक

२- नगर उप-प्रमुख ....................................... सदस्य

३- आर्थिक विकास समिति संयोजक .................. सदस्य

४- प्रमुख प्रशासकीय अधिकृत .......................... सदस्य

५- लेकवेशी नगरभित्र कृषि तथा पशुपन्छी पालन व्यवसाय संचालन गरिरहेका व्यावसायिक कृषकहरूमध्येबाट कम्तिमा एक जना महिलासहित संयोजकबाट मनोनित दुई जना... सदस्य

६- नगर कृषि तथा पशुपन्छी विकास शाखा हेर्ने कृषि वा पशु सेवा हर्ने प्राविधिक एक जना ......................... सदस्य

७- कृषि विकास शाखा र पशुपन्छी विकास शाखा प्रमुख (बैठकको एजेन्डाका आधारमा कृषि विकास शाखा वा पशुपन्छी विकास शाखा प्रमुख).................. सदस्य सचिव

(ख) नगर कृषि तथा पशुपन्छी विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१- कृषि तथा पशुपन्छी विकासको क्षेत्रको समग्र विकासमा नीति निर्माण, योजना तर्जुमा, कृषि प्रसार सेवामा जवाफदेहिता एवं पारदर्शीता, कार्यान्वयन तथा अनुगमन र समन्वयमा नगरपालिकालाई सहजीकरण गर्न ।

२- नगरपालिकालाई कृषि तथा पशु विकास कार्यक्रम संचालन गर्न नगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

३- कृषि तथा पशुपन्छी विकास क्षेत्रमा अनुदान वितरणमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

४- समग्र कृषि क्षेत्रको विकासको लागि सरकारी/गैरसरकारी निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।

(३) वडा तहमा संस्थागत संरचना, सञ्चालन एवं व्यवस्थापन :

(क) नगरपालिकाले कृषि प्रसार सेवा भरपर्दो, कृषक एवं कृषि उद्यमीको माग र आवश्यकता अनुसारको सेवा प्रवाह गर्न, कृषि प्रसार सेवाको पहुँचलाई यस नगरपालिकाको हरेक वडा तथा बस्ती र कृषक समुदायमा विस्तार गर्न वडा तहमा कृषि तथा पशुपन्छी विकास सेवा केन्द्र वा संयन्त्रको स्थापना एवं परिचालन गर्न सक्नेछ ।

(ख) सेवा केन्द्रको तथा संयन्त्रको प्रभावकारिता, सेवामा विशिष्टिकरण, व्यवसायिकता तथा मितव्ययीताका लागि सार्वजनिक, सामुदायिक एवं निजी क्षेत्रको साझेदारिता एवं सहकार्यको अवधारणा अपनाईनेछ ।

(४) कृषक समूह र सहकारीको गठन, दर्ता तथा नविकरण :

(क) सहभागितामूलक कृषि तथा पशुपन्छी विकास कार्यक्रमको व्यावसायिकता अभिवृद्धि गर्नका लागि क्षेत्रगत तथा विषयगत कृषक समूह र सहकारीको गठनका लागि नगरपालिकाले सहजीकरण गर्नेछ।

(ख) कृषक समूह तथा सहकारी नियमानुसार नगरपालिकामा दर्ता एवं नविकरण गर्नुपर्नेछ ।

६. **स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, विकास तथा परिचालन** :

(१) नगरपालिकाले रणनैतिक रूपमा प्राथमिकताका साथ प्रबर्द्धन गर्न चाहेको कृषि तथा पशुपन्छी उपज मूल्य श्रृङ्खलामा प्राविधिक सेवा पुऱ्याउन नगरपालिकाभित्र रहेका स्थानीय कृषि श्रोतव्यक्तिको पहिचान, क्षमता विकास र आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ ।

(२) स्थानीय कृषि स्रोतव्यक्तिलाई नगरपालिकाको वडा तहमा सार्वजनिक, सामुदायिक निजी साझेदारी मोडेलमा परिचालन गर्न सकिने छ ।

७. **विशिष्टिकृत सेवा एवं भौचर प्रणालीमा आधारित कृषि प्रसार सेवाः** (१) नगरपालिकाभित्रका विपन्न तथा साना कृषकलाई कृषि तथा पशुपन्छी सम्बन्धी लक्षित कार्यक्रम नगरपालिकाले भौचर प्रणालीमार्फत कार्यान्वयन गर्न सक्नेछ ।

८. **स्थानीय तहमा श्रोत केन्द्रको स्थापना तथा संचालनः**

(१) स्थानीय स्तरमा कृषि प्रविधिको परीक्षण प्रदर्शन र विस्तारका लागि पालिकाले आवश्यकताअनुसार श्रोतकेन्द्रको स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको श्रोत केन्द्र संचालनको लागि सार्वजनिक, सामुदायिक र नीजि साझेदारीको अवधारणा अवलम्बन गर्न सक्नेछ ।

९. <u>सूचना तथा प्रचार प्रसार</u> :

(१) नगरपालिकाले कृषकलाई कृषि तथा पशुपन्छी सम्बन्धी तालिम, प्रविधि, प्राविधिक सेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।

(२) कृषि सूचना प्रभावकारी प्रवाहको लागि नगरपालिकाले कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांकको अध्यावधिक, व्यवस्थापन र उपयुक्त सूचना प्रणालीको अवलम्बन गर्नेछ, ।

(३) उपदफा(१) र (२) बमोजिमको सूचनाको हक उपलब्ध गराउनेछ ।

## परिच्छेद—४

## <u>सामुहिक तथा करार खेती, पकेट क्षेत्र विकास तथा सञ्चालन</u>

१०. **<u>सामुहिक तथा सहकारी खेती सम्बन्धी व्यवस्थाः</u>** साना तथा विपन्न कृषकलाई व्यवसायतर्फ उन्मुख गर्न सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

११. **<u>करार खेती सम्बन्धी व्यवस्था</u>** : (१) यस नगरपालिकाले कृषि उत्पादन योग्य जमिनको उचित सदुपयोग तथा व्यवसायिकरणका लागि प्रचलित कानुन बमोजिम करार खेतीलाई प्रवर्द्धन गर्न सक्नेछ ।

(२) नगरपालिकाभित्र रहेका पर्ति, ऐलानी जग्गामा कृषि तथा पशुपालन प्रयोजनका लागि प्रयोग तथा करारमा दिन सकिनेछ ।

१२. **<u>पकेट क्षेत्र विकास तथा सञ्चालनः</u>** कृषि उपजको उत्पादन तथा उत्पादकत्त्व पहिचान गरी कृषिको व्यवसायीकरण एवं विशिष्टकरणका लागि नगरपालिकाले भौगोलिक र प्राविधिक सम्भाव्यता र उपयुक्तताको आधारमा कृषि तथा पशुपन्छीजन्य उत्पादन पकेट क्षेत्रको निर्धारण गरी कार्यक्रम संचालन गर्नेछ ।

## परिच्छेद—५
## कृषि सामग्रीको आपूर्ति, उपयोग र नियमन

**१३. <u>बिऊ, विजन मलखाद तथा जैविक विषादीको सहज उपलब्धता</u>** :

(१) नगरपालिकाले कृषकलाई आवश्यक उन्नत नश्ल, बीउ विजन, कृषि औजार, जैविक विषादी, मलखाद, औषधी जस्ता कृषि सामग्रीहरू सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नेछ ।

(२) रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुऱ्याउनेछ ।

(३) उपदफा (१) बमोजिमका कृषि सामग्रीहरूको गुणस्तर र सहज उपलब्धताको सुनिश्चितताका लागि नगरपालिकाले सेवा प्रदायक निकायहरूको उचित परिचालन, अनुगमन र नियमन गर्नेछ ।

**१४. <u>कृषि सामाग्री तथा बीउ विषादी नियमनः</u>** (१) नगरपालिकाले नगर क्षेत्र भित्र बिक्री वितरण हुने कृषि सामाग्री, बीउ विजन, विषादी, नश्ल आदिको अनुगमन तथा नियमन गर्नेछ ।

(२) अनुगमन तथा नियमनका लागि सम्बन्धित विषयको विज्ञ संलग्न गरि अनुगमन समिति वा कार्यदल बनाउन सक्ने छ ।

(३) उपदफा(१) र (२) बमोजिम अनुगमन गर्दा कानुन विपरीत भए गरेको पाइएमा नगरपालिकाले तोकिय बमोजिम दण्ड तथा जरिवाना गर्न सक्ने छ ।

## परिच्छेद—६
## भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल, तथा बजार व्यवस्थापन

**१५. <u>कृषि उपजहरूको भण्डारण र प्रशोधन</u>** : (१) नगरपालिकाले आपतकालिन अवस्थाका लागि कृषिजन्य वस्तुहरूको उचित भण्डारणको व्यवस्था गर्न सक्नेछ ।

(२) रैथाने, लोपोन्मुख तथा स्थानीय परम्परा, संस्कृतिसँग जोडिएका बाली वस्तुको संरक्षण र प्रबर्द्धनका लागि स्थानीय तहमा बीउ बैंक, प्रजनन केन्द्र तथा विशेष संरक्षण क्षेत्रको व्यवस्था गर्न सक्नेछ ।

(३) कृषि उपजको सहज उपलब्धता र बजारीकरणका लागि सामुदायिक एवं नीजि क्षेत्रको सहभागितामा कृषि उपजको भण्डारणमा सहजीकरण र सहकार्य गर्न सक्नेछ ।

(४) कृषकलाई कृषि उपजको उचित मूल्य उपलब्ध गराउन, रोजगारीको अवसर सृजना गर्न कृषि उपजको प्रशोधन सम्बन्धी उद्यमलाई प्रोत्साहन गर्नेछ ।

**१६. <u>कृषि तथा पशुपन्छी प्रदर्शनी र व्यापार मेला सञ्चालनः</u>** नगरपालिकाले विभिन्न संघसंस्थाको सहकार्य र समन्वयमा कृषि उपजको संरक्षण, प्रबर्द्धन, बजारीकरण, कृषकहरूलाई प्रोत्साहन र कृषि प्रविधिको प्रचार प्रसारका लागि स्थानीय स्तरमा कृषि तथा व्यापार मेला, प्रदर्शनी, खाद्य महोत्सव सञ्चालन गर्नेछ ।

**१७. <u>हाट तथा बजारको व्यवस्थाः</u>** (१) स्थानीय स्तरमा उत्पादन गरिएका कृषि तथा पशुपन्छी जन्य उत्पादनको बजारीकरणका लागि कोशेली घर, हाट बजार, संकलन केन्द्र वा सहकारी सुपथ मूल्यका पसलहरू संचालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तर वस्तु तथा सेवा उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बजार तथा पसल सञ्चालनमा नीजिक्षेत्र, समूह तथा सहकारीलाई प्रोत्साहन गरिने छ र नगरपालिकाले नीजि, सामुदायिक एवं सार्वजनिक साझेदारीको अवधारण अबलम्वन गर्नेछ ।

(३) नगरपालिकले कृषिजन्य उपजको निकासी पैठारीको व्यवस्था गर्न सक्नेछ ।

(४) मासु जन्य पदार्थको स्वच्छताको लागि आधुनिक वधशालाको निर्माण, सुदृढिकरण र विस्तारमा जोड दिइनेछ ।

## परिच्छेद–७

## किसानको वर्गीकरण, अनुदान, बीमा, कोष तथा पेन्सन सम्बन्धी व्यवस्था

**१८. किसानको वर्गीकरण** : (१) लेकवेशी नगरपालिकाले कार्यविधि वा मापदण्ड निर्धारण गरी कृषकको वर्गीकरण गर्न सक्नेछ ।

(२) भूमिहिन कृषकलाई भू-उपयोगको मापदण्ड बनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलब्ध गराई कृषि व्यवसायमा संलग्न गराउन सक्नेछ ।

**१९. अनुदान र सहलगानी सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले समग्र कृषि क्षेत्रको विकासका लागि कृषि सामग्री, पूर्वाधार निर्माण, बजारीकरण, प्रविधि सेवाको क्षेत्रमा कृषक र कृषक समूहलाई मापदण्ड बनाई अनुदान वा सहलगानी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित क्षेत्रहरूमा समूह, सहकारी र नीजि क्षेत्रको लागि सहलगानीको व्यवस्था गर्न सकिनेछ ।

(३) माथि उल्लेखित उप-दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले गरिबीको रेखामुनि रहेका महिला, दलित जनजाति, भूमिहिन कृषकलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२०. बीमा सम्बन्धी व्यवस्थाः** (१) कृषि बाली, नगदे बाली, तरकारी खेती, पशुपन्छी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएको वा तोकिए बमोजिम बिमा सुविधा उपलब्ध गराईने छ ।

**२१. कृषि विकास कोष तथा पेन्सनको व्यवस्थाः** (१) नगरपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको समग्र विकासका लागि विशेष कोषको स्थापना तथा सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट कार्यविधि बनाई कृषकलाई विशेष अनुदान, सहलगानी वा कृषकलाई योगदानमा आधारित पेन्सनको व्यवस्था गर्न सक्ने छ ।

२२. **कृषि ऋणः** (१) व्यावसायिक कृषक, कृषि उद्यमीलाई सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तिय संस्थासँग नगरपालिकाले सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद—८

## कृषि योग्य जमीन व्यवस्थापन

२३. **जग्गा भाडामा लिन दिन सक्नेः** (१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समूह र सहकारीलाई उत्पादनमा वृद्धि गर्न सहयोग पुऱ्याउनका लागि कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रवर्धन गर्दै आधुनिक खेती प्रणाली विकास तथा पशुपन्छी विकासका लागि लेकवेशी नगरपालिकाले जग्गा भाडामा लिने दिने पक्ष बिच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्ष बीच करारनामा सम्झौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिए बमोजिम नगरपालिकाले जमिन भाडा कर उठाइने छ ।

(३) सहकारी/समूह/निजी उद्यमी/समुदायमा आधारित संस्था वा व्यक्तिहरू मिलेर सामूहिक खेती गर्न चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित लेकवेशी नगरपालिकाबाट स्वीकृती लिई खेती गर्न सक्नेछन् ।

(४) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भू-उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

(५) लेकवेशी नगरपालिका भित्र रहेका खेतीयोग्य प्रयोगमा आएका निजि/ऐलानी/गुठिका जमीन, बाझो, पर्ति, नदि उकास तथा अन्य सार्वजानिक तथा खाली जग्गालाई चक्लाबन्दी खेती संचालन कार्यविधि बनाएर प्रयोगमा ल्याइने छ ।

२४. **स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापनः** (१) कीट तथा पशुपन्छीको विकासको लागि स्थानीय तहमा उपलब्ध भएका सार्वजनिक जमीन, खर्क वा बाँझो जमीनलाई चरन, खर्कक्षेत्र तोकी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराए वापत लेकवेशी नगरपालिकालाई वार्षिक तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमीन बाँझो राखेमा उक्त जमीन नगरपालिकाले तोकिएको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ ।

(४) माथि उप-दफाहरूमा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै किसानले कृषि योग्य जमीन बाँझो राखेमा त्यस्ता किसानहरूलाई लेकवेशी नगरपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(५) लेकवेशी नगरपालिका क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि आवश्यक कार्यविधि बनाइ कान्जि घर बनाइने छ ।

## परिच्छेद—९

## विविध

२५. **पानी मुहान, पोखरी, नदिनाला, स—साना कूलो संरक्षणः-** नगरभित्र प्राकृतिक रूपमा रहेका पानीका मुहान, पोखरी नदिनाला, परम्परागत कूलो बाँध पैनीको मर्मत संभार र जिर्णोद्धार गरि सिंचाई तथा खानेपानीका लागि सञ्चालनमा ल्याइनेछ । यस्ता सिचाई प्रवर्धनमा बिद्युतीय तथा सौर्य उर्जाको उपयोगमा जोड दिइनेछ ।

२६. **जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षणः** (१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिईने छ। प्राकृतिक पहिचान भएका बाली बोट विरुवा तथा विऊ विजनको अनुवंश, जीवको

संरक्षण, सम्वर्धन, प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षण, सम्बर्धन तथा प्रवर्धन गर्दा र जमीनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरबदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दिगो रूपमा संरक्षण गर्नु पर्नेछ ।

२७. **अन्तर निकाय समन्वय र सहकार्य** : (१) नगरपालिकाभित्र कार्यरत अन्तरसरकारी निकाय र गैरसरकारी निकायबीच कार्यक्रम सञ्चालनमा दोहोरो नपर्ने र समन्वय तथा सहकार्यमा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यस प्रकारको समन्वय तथा सहकार्यको सहजीकरण नगर कृषि तथा पशुपन्छी विकास समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना कार्यान्वयन गर्दा अन्तरपालिका तथा प्रदेश—प्रदेश बीच समन्वय गर्नु आवश्यक भएमा लेकवेशी नगरपालीकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ ।

२८. **कृषि पर्यटनः** पर्यटन प्रवर्द्धन हुने गरी व्यवसायिक कृषि सञ्चालन गर्न नगरपालिकाले प्रोत्साहन गर्नेछ । कृषि तथा पशुपन्छीको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ । कृषि पर्यटन प्रबर्द्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिने छ ।

२९. **कृषि वन प्रणालीको विकासः** जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरबदल र बढ्दो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विशेष बाली तथा फलफुलको खेती विकास गरि खाद्यान्न, फलफुल तथा नगदेबाली र घाँस खेती विकास गरिनेछ ।

३०. **आन्तरिक तथा वाह्य सहयोग लिन सक्नेः** संघिय सरकारको अनुमति लिई लेकवेशी नगरपालिकाले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी

संघसंस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । तर नगरपालिकाले यसरी प्राप्त रकम, सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने छ ।

**३१. पशुपन्छी अस्पतालः-** लेकवेशी नगरपालिका क्षेत्र भित्र नगरस्तरिय पशुपन्छी अस्पताल स्थापना तथा संचालन गर्नेछ ।

**३२. कृषिमा अध्ययन, अनुसन्धानमा छात्रवृत्ति तथा पुरस्कारको व्यवस्थाः** लेकवेशी नगरपालिका भित्र कृषि तथा पशुपन्छी सम्बन्धि अध्ययन तथा अनुसन्धान, सिकाइ एवं तालिम केन्द्र आदिको स्थापना र सञ्चालन गरिनेछ । विभिन्न विषय विज्ञहरूलाई अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ र यस क्षेत्रमा काम गर्ने अनुसन्धानकर्ता, विद्यार्थी, कृषकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिने छ ।

**३३. नियम/कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि लेकवेशी नगरपालिकाले आवश्यक नियम कार्यविधि/ मापदण्ड/मार्गदर्शन/निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**३४. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. बचाउ तथा खारेजीः-** लेकवेशी नगरपालिकाले कृषि तथा पशुपन्छी सम्बन्धि यस अघि गरेका सम्पुर्ण निर्णयहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ । लेकवेशी नगरपालिकाको कृषि व्यवसाय प्रर्वधन ऐन, २०७४ खारेज गरिएको छ ।

# अनुसूची –१

*(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)*

१ खाद्यान्न बाली,

२ वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली पुष्प

३ पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादन (मासु, दुध, फुल, हाड, छाला, ऊन)

४ घाँसेवाली

५ मत्स्यपालन,

६ च्याउ,

७ मौरी, रेशम

८ चिया, कफी, अलैची, सुपारी,

९ तेलहन, दलहन

१० कपास, जुट, उखु, रबरखेती, टिमुर लगायतका जडीवुटीहरू

११ काष्ठफल (वदाम, ओखर, काजु......अन्य)

१२ गैरकाष्ठ वन पैदावार

१३ कृषि पर्यटन

१४ कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषि वस्तुहरू

१५ कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

१६ कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

१७ खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छी जन्य वस्तुहरू ।

आज्ञाले

कृष्णप्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत
लेकवेशी नगरपालिका, सुर्खेत